SERVICE CHILDREN'S EDUCATION

HORNBILL SCHOOL BRUNEI


**HORNBILL NEWSLETTER**

**Main Site Tel: 3224101 ext 3214/Fax: 3222133**

**Foundation Site Tel/Fax: 3333225**

**Email: office.hornbill@sceschools.com**

www.hornbillschool.com

Head Teacher Mrs Kathy Wood MBE MEd


शुक्रबार ०३ सेप्टेम्बर २०१०

**Welcome**

**'Flying High' Working together to Build a Successful Future for All**

आदरणीय अभिभावकज्यु ,
बिदा पछि हाम्रा सबै नानीहरु अनि परिवारहरुमा स्वागत छ। नानीहरु यो बिदा पछि बिदाको धेरै सम्झनाहरु लिएर आएका छन्  अनि अध्ययनको लागी उमंग अनि स्फर्ति लिएर आएका छन्। बिद्यालयमा नयाँ भर्ना हुने हाम्रा नयाँ नानीहरु, अभिभावकहरु स्टाफहरुमा विशेष स्वागत छ। कृपया आउदों दुई हप्तामा आफ्नो नानीको टिचरसंग हुने मिटिङ्गको जानकारी हेर्नु होला। आउदो शैक्षिक सत्रमा तपाईहरु संग सहकार्य गरी अगाडी बढ्ने  अपेक्षा राखेकाछौं।
तपाईको शुभेच्छुक।

क्याथी वुड
हेडटिचर।

**न्यानो स्वागत।**
यस  शैक्षिक सत्रमा आउनु भएका नयाँ स्टाफहरुमा हार्दिक स्वागत गर्न चाहन्छौं। सेह्रा वुडी, स्याली पार्कर, सोनिया स्टेन्टन, डेविड केरी अनि एयान केरी टिचिङ्ग पोष्टमा यु के, एस सि इ केनेडा अनि एस सि ई जर्मनीबाट आउनु भएका छन्। उहाँहरुले आफ्नो अनुभव, विशेष सीप अनि ज्ञान हर्नबील बिद्यालयको लागी ल्याउनु भएकाछन्। यस्ता दक्ष स्टाफहरुको टिमद्वारा ब्रुनाईमा हामीले शिक्षा प्राप्त गर्नु पाउंदा हामी आफै भाग्यमानी ठान्दछौं।

**प्यारेन्ट्स टिर्चस कन्सल्टेशन मिटिङ्ग।**

हाम्रो युकेमा ट्रेनिङ्ग कार्यले गर्दा आगमी ०६ सेप्टेम्बरबाट हाम्रा प्यारेन्ट्स टिर्चस मिटिङ्ग चाडै हुनेछ र सबै अभिभावकहरुलाई भेट्ने अपेक्षा राखेकाछौं। बिद्यालयमा अनि घरमा नानीहरुले गरिरहेका कार्य अनि उनीहरुको यस टर्मको लक्ष्यवारे ब्यत्तिगत रुपमा सर सल्लाह गर्ने यो एउटा अवसर हो। थप जानकारी पत्र मार्फत दिनेछौं।

**एक्सटेन्डेड लर्निङ्ग प्रोग्राम।**
बिद्यालय समय पछि नानीहरुलाई विभिन्न प्रकारका क्लवहरुको व्यवस्था गर्न पांउदा खुशी लागेकोछ। यस टर्मको सबै क्लबहरु आगमी २० सेप्टेम्बरको हप्ताबाट आरम्भ हुनेछ।
कक्षा २-६का नेपाली नानीहरुको निम्ति नेपाली लेखाई अनि पढाई कक्षाहरुको संचालन हुनेछ। यी कक्षाहरु आगमी २० सेप्टेम्बरबाट छ। थप जानकारीको लागी हामी पत्र पठाउनेछौं। बिद्यालय समय पछि संचालन हुने कक्षा १ को नेपाली कक्षा भने आगमी २७ सेप्टेम्बरबाट संचालन हुनेछ। यसो गर्नाले उनीहरुलाई नयाँ कक्षामा पूर्णरुपमा व्यवस्थित हुने समय पाउनेछ।


**एक्सटेन्डेड लर्निङ्ग प्रोग्राम।**
बिद्यालय समय पछि नानीहरुलाई विभिन्न प्रकारका क्लवहरुको व्यवस्था गर्न पांउदा खुशी लागेकोछ। यस टर्मको सबै क्लबहरु आगमी २० सेप्टेम्बरको हप्ताबाट आरम्भ हुनेछ।
कक्षा २-६का नेपाली नानीहरुको निम्ति नेपाली लेखाई अनि पढाई कक्षाहरुको संचालन हुनेछ। यी कक्षाहरु आगमी २० सेप्टेम्बरबाट छ। थप जानकारीको लागी हामी पत्र पठाउनेछौं। बिद्यालय समय पछि संचालन हुने कक्षा १ को नेपाली कक्षा भने आगमी २७ सेप्टेम्बरबाट संचालन हुनेछ। यसो गर्नाले उनीहरुलाई नयाँ कक्षामा पूर्णरुपमा व्यवस्थित हुने समय पाउनेछ।


**स्कूल युनिर्फम।**
यस टर्मबाट हामीले नयाँ युनिर्फम सप्लार्यस खोज्नु पऱ्यो जसको लागी ब्रुनाईमा हामीलाई सेट अप गर्न छ महिना लाग्यो। उचित नापका युनिर्फम अनि टोपी उपलब्ध हुन केही समय लाग्ने जानकारी दिन चाहन्छो। तथापि दुई हप्ताको अवधीमा सबै नियमित रहनेछन् भन्ने कुरामा हामी विश्वस्त छौं।

**ताई चि।**
आगमी मंगलबार ०७ सेप्टेम्बरबाट ताई चि सेसन मेन साइटमा प्रत्येक मंगलबार अनि बिहिबार ०७३० बजे विहान आरम्भ हुने जानकारी दिन चाहन्छो। यी सेसनहरु सेरियाबाट आउनु भएका ताई चि विशेषज्ञहरुद्वारा संचालन हुनेछ र सबै नानीहरु अनि अभिभावकहरुको भाग लिन सक्नु हुनेछ। त्यसर्थ आउनु होस् सहभागी हुनु होस अनि दिनको सुरुवात स्वस्थ्य रुपमा गर्नुहोस।

**स्मरणार्थ जानकारी।**
तपाईको नानी कुनै कारणले बिद्यालय आउन नसक्ने भएको खण्डमा कृपया बिद्यालय कार्यलयमा फोन गरी जानकारी  दिन हुन आग्रह गर्दछौं। स्वस्थ्य अनि सुरक्षाको दृष्टिले कृपया आफ्नो नानीलाई बिद्यालयमा उचित जुत्ता लगाई पठाउनु होला। तपाईको नानी स्कूल बसमा आउने जानेक्रममा कुनै समस्या भए अथवा यस सम्बन्धि कुनै जिज्ञासा भए कृपया बस एस्कर्ट सुपरभाइजर श्रीमती प्रिया प्रधानलाई ३१८ एक्सटेन्सनमा तुरुन्त सम्पर्क राख्न आग्रह गर्दछौं।

**फाउण्डेशन साइटका हालखबरहरु।**



**तपाईको डायरीको लागी।**
सोमबार ०६ सेप्टेम्बर - प्यारेन्ट्स टिर्चस कन्सल्टेशन मिटिङ्ग आरम्भ।
मंगलबार ०७ सेप्टेम्बर - ताई चि सेसन आरम्भ। सबै अभिभावकमा स्वागत छ।
बुधबार १५ सेप्टेम्बर - पाठ्यकम अर्न्तगत एफ एसको अभिभावकहरुको लागी मेन साइटमा १७०० बजे फेमेली लर्निङ्ग प्रोग्राम।
सोमबार २० सेप्टेम्बर - बिद्यालय पछि संचालन हुने क्लबहरु आरम्भ। कक्षा २-६को बिद्यालय पछि संचालन हुने नेपाली कक्षाहरु आरम्भ।
बुधबार २२ सेप्टेम्बर - युनिर्भसिटी फर चिल्ड्रेन ग्राजुऐसन सेरेमोनी १६०० बजे। पत्र मार्फत थप जानकारी पठाउनेछौं।
शुक्रबार २५ सेप्टेम्बर - मेन साइटमा १३०० बजे हार्भेस्ट फेस्टिभल सेलेब्रेशन एसेम्बली।सबै अभिभावकमा स्वागत छ।
सोमबार २७ सेप्टेम्बर - कक्षा १को बिद्यालय पछि संचालन हुने नेपाली कक्षाहरु आरम्भ। पत्र मार्फत थप जानकारी पठाउनेछौं।
बुधबार २९ सेप्टेम्बर - पाठ्यकम अर्न्तगत कक्षा १-६को अभिभावकहरुको लागी मेन साइटमा १७०० बजे फेमेली लर्निङ्ग प्रोग्राम।
बिहिबार ३० सेप्टेम्बर - फाउण्डेशन साइटमा १००० बजे सेलेब्रेशन एसेम्बली। एफ एस २का सबै अभिभावकमा स्वागत छ।